# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) हेटौंडा, नेपाल, फागुन २१ गते, २०८० साल (सङ्ख्या ३७

## भाग ३

## बागमती प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

### हेटौंडा, नेपालको

## सूचना

**विपन्न दलित सशक्तीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०**

**प्रस्तावनाः** बागमती प्रदेशभित्र स्थायी रूपमा बसोबास गर्ने विपन्न दलितहरूलाई सशक्तीकरण र उद्यमशील बनाउन उद्यमशीलता, स्वावलम्बी र सीपमूलक तालिममार्फत आत्मनिर्भर बनाउने उद्देश्यले,

प्रदेश सुशासन ऐन, २०७७ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विपन्न दलित सशक्तीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उद्यम" भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग व्यवसाय सञ्चालनका लागि जोखिम वहनसहित गरिने लगानी भन्ने सम्झनु पर्छ।

(ख) "दलित" भन्नाले प्रचलित कानूनले दलित भनी सूचीकृत भएको बागमती प्रदेशभित्र स्थायी बसोबास गर्ने (राष्ट्रिय दलित आयोगले सिफारिस गरेको दलित समुदायको जात थर सूचीकृत विवरण बमोजिमको) दलित समुदायलाई सम्झनु पर्छ।

(ग) "विपन्न दलित सशक्तीकरण कार्यक्रम" भन्नाले उद्यमशीलता विकासका लागि मन्त्रालयले सञ्चालन गरेको कार्यक्रमलाइ सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकारको सामाजिक विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले बागमती प्रदेशभित्र रहेका गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनु पर्छ।

(च) "सीपमूलक तालिम" भन्नाले आय आर्जनका लागि कुनै पेशा व्यावसायसँग सम्बन्धित तालिमलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## उद्देश्य, विषयक्षेत्र र सहभागी छनौटको आधार

३. **उद्देश्यः** (१) यस कार्यक्रमको प्रमुख उद्देश्य प्रदेशभित्र स्थायी बसोबास गर्ने विपन्न दलितहरूको सशक्तीकरण गर्दै जिविकोपार्जन वा आयआर्जन गर्नका लागि आत्मनिर्भर बनाई गरिबी निवारणमा सहयोग गर्नु हो।

(२) यस कार्यक्रमका अन्य उद्देश्यहरू देहायबमोजिम रहेका छन्ः-

(क) प्रदेशभित्र रहेका दलित समुदायको सामाजिक, आर्थिक अवस्थाको अध्ययन गरी प्रोफाइल तयार गर्नु,

(ख) आर्थिकरूपमा विपन्न समुदायका दलितहरूलाई आयमूलक क्रियाकलाप गर्न प्रोत्साहन गर्नु,

(ग) विपन्न दलितहरूलाई स्वरोजगार तथा उद्यमशील हुन सहयोग गर्नु,

(घ) विपन्न दलितहरूलाई विकासको मूलधारमा ल्याउनु,

(ङ) उद्यमशीलता र सशक्तीकरणको माध्यमबाट विपन्न दलितहरूको आर्थिक सामाजिक रुपान्तरण र क्षमता अभिवृद्धि गर्नु, र

(च) विपन्न दलित समुदायको सामाजिक चेतना अभिवृद्धि गर्नु।

४. **कार्यक्रमः** यस कार्यविधिअनुसारका कार्यक्रमहरू देहायबमोजिम हुनेछन्ः-

(क) दलितहरूको तथ्याङ्क अध्यावधिक एवम् प्रोफाइल विकास र वडागत नक्शाङ्कन,

(ख) दलित समुदायका परम्परागत सीप र पेशाको संरक्षण, विकास, हस्तान्तरण र पुस्तान्तरणसँग सम्बन्धित कार्य,

(ग) परम्परागत बाजा निर्माण एवम् परिष्कारलगायतका पेशासँग सम्बन्धित कार्यक्रम,

(घ) कृषि, विद्युतीय वायरिङ, हस्तकला, होटल तथा पर्यटन, आभूषण/गहना निर्माण होजियारी तथा तयारी

पोशाक, खाद्य सामग्री प्रशोधन र सूचना तथा प्रविधि र अन्य उपयुक्तक्षेत्रसँग सम्बन्धित तालिम,

(ङ) बिउ पूँजी र मेशिन तथा उपकरणलगायतका सामग्री सहायता,

(च) विपन्न दलित समुदायका छात्राहरूमध्ये उच्च शिक्षा अन्तर्गत प्राविधिक शिक्षा (चिकित्सक र इन्जिनियरिङ) अध्ययन गर्न छात्राहरूको लागि वार्षिक कार्यक्रममा स्वीकृत बजेटको परिधिभित्र र तोकिएको सङ्ख्यामा निर्देशक समितिले निर्धारण गरेको मापदण्डबमोजिमको मेरिट लिष्टका आधारमा रु. एक लाखसम्म छात्रवृत्ति सहयोग, र

(छ) निर्देशक समितिले तोकेका अन्य कार्यक्रमहरु।

५. <u>**सहभागी छनौटको आधारः**</u> (१) यस कार्यविधिबमोजिमका कार्यक्रममा सहभागी हुन आवेदन पेस गर्ने आवेदकले देहायबमोजिमको आधारहरू पूरा गरेको हुनुपर्नेछः-

(क) बागमती प्रदेशमा स्थायी बसोबास भएको,

(ख) आर्थिकरूपमा विपन्न रहेको भनी सम्बन्धित स्थानीय तहले सिफारिस गरेको,

(ग) ५ देखि ३० घरधुरी रहेको सम्बन्धित वडामा सूचीकृत भएको समूह गठन गरी निवेदन पेस गरेको समूह,

(घ) समूहका सदस्यहरू १८ वर्ष उमेर पूरा भएको,

(ङ) स्वरोजगारमूलक व्यवसाय र उद्यम गर्ने चाहना र रुची भएको वा स्वरोजगारमूलक व्यवसाय वा उद्यम गरिरहेको वा गर्न इच्छुक समूह, र

(च) परम्परागत सीपको संरक्षण, विकास र पुस्तान्तरण सम्बन्धित विषय क्षेत्र रोजेको।

(२) सहभागी समूह छनोट गर्दा देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछः-

(क) आर्थिकरूपमा विपन्न दलित महिलाहरूको समूह,

(ख) दलित समुदायका शहिद र वेपत्ता परिवार, एकल महिला, द्वन्द्व पीडित र अपाङ्गता भएका महिलाहरूको समूह,

(ग) दलित समुदायको उद्यम गर्ने चाहाना भएका बेरोजगार व्यक्तिहरू रहेको समूह।

६. **तालिम, बिउँ पूँजी र वस्तुगत सहायताः** (१) तोकिएको कार्यक्रम अन्तर्गतको व्यवसायमूलक तालिम कम्तीमा १५ दिन देखि तीन महिनासम्मको हुनेछ।

(२) टोल वा वडागत समूह गठन भइ स्थानीय तहमा दर्ता समूहलाई तालिम पूरा गरेपछि व्यवसाय गर्न स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही नियमानुसार बिउँ पूँजीको रूपमा तालिमको प्रकृतिअनुसार बढिमा रू. एक लाख पचास हजारसम्म समूहको बैंक

खातामा निकासा दिन सकिनेछ र त्यस्तो समूहलाई पेशा व्यवसायको लागि आवश्यक पर्ने मेशिन तथा उपकरणलगायतका सामग्री समेत उपलब्ध गराउन सकिनेछ।

(३) यो कार्यक्रम कार्यान्वयन हुने स्थानीय तहले बिँउपूजीलगायतको कार्यमा लाग्ने लागतमध्ये सम्बन्धित स्थानीय तहले कम्तिमा १० प्रतिशत लागत साझेदारी गर्न सक्नेछ।

(४) लागत साझेदारी नगर्ने स्थानीय तहमा प्रदेश सरकारको स्वीकृत बजेटबाट कार्यक्रम सञ्चालन गरिनेछ।

## परिच्छेद-३
## कार्यक्रम सञ्चालन प्रक्रिया

७. **स्थानीय तहको छनोट र कार्यक्रम सञ्चालनः** (१) कार्यक्रम सञ्चालनका लागि स्थानीय तहको छनोट गर्न मन्त्रालयले १५ दिनको समय दिई सूचना प्रकाशन गर्नेछ र उक्त सूचनाका आधारमा न्यूनतम लागत साझेदारी गर्ने प्रतिबद्धतासहित स्थानीय तहले मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयमा प्रस्ताव पेस गर्नु पर्नेछ।

(२) मन्त्रालयले निर्धारण गरेको मापदण्डका आधारमा स्थानीय तह छनोट गर्नेछ।

(३) छनोट भएको स्थानीय तहले मन्त्रालयसँग सम्झौता गरी दफा ४ को खण्ड (क) देखि (ङ) सम्मका कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(४) सम्झौता भएका स्थानीय तहहरुले आफूमा दर्ता भइ तालिम पूरा गरेको समूहलाई आफूले साझेदारी गर्नुपर्ने रकम सम्बन्धित समूहको खातामा जम्मा गरेको प्रमाणसहित मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयमा बजेट माग गरी पठाउनु पर्नेछ।

(५) मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयले प्राप्त मागका आधारमा उपलब्ध गराउनु पर्ने बजेट रकम सम्झौता गरी सम्बन्धित स्थानीय तहलाई नियमानुसार अनुदानकारूपमा हस्तान्तरण गर्नु पर्नेछ र स्थानीय तहले उक्त रकम सम्बन्धित समूहको खातामा हस्तान्तरण गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(६) यस कार्यक्रमको कार्यान्वयन स्थानीय तहमार्फत भएमा त्यसको लेखा राख्ने, लेखा परीक्षण गराउने लगायतको वित्तीय जिम्मेवारी सम्बन्धित स्थानीय तहको रहनेछ।

तर, आवेदन प्राप्त नभएका स्थानीय तहमा स्वीकृत कार्यक्रम प्रचलित कानूनबमोजिम मन्त्रालय अन्तर्गतको कार्यालयबाट सञ्चालन गर्न बाधा पर्नेछैन।

८. **सहभागी छनोट प्रक्रियाः** (१) तालिम सञ्चालनको लागि सहभागी छनोटका आधार देहायअनुसार हुनेछनः-

(क) दलित समुदायको जनसङ्ख्याको आधारमा स्थानीय तह आफैले कोटा निर्धारण गर्नेछ।

(ख) स्थानीय तहले उपलब्ध कोटाअनुसार तोकिएको मापदण्डको आधारमा सहभागी सिफारिस गर्नेछ।

(ग) स्थानीय तहको सिफारिसबमोजिमका सम्बन्धित तालिम निकायले सहभागीहरूलाई तालिम सञ्चालन गर्नेछ।

(घ) छनोट भएका व्यक्तिहरूको लागि व्यावसायिक तथा सीप विकास तालिम केन्द्र वा सामाजिक विकास कार्यालय वा स्थानीय तह वा अन्य तोकेको स्थानमा सञ्चालन हुनेछ।

(ङ) तालिम सम्पन्न भएपछि तालिम पूरा गरी सीप परीक्षणलाई योग्य सहभागीहरू सीप परीक्षणमा सहभागी हुनु पर्नेछ।

(च) तालिम सम्पन्न गरेका सम्पूर्ण सहभागीहरूको तथ्याङ्कको डाटाबेस प्रणालीको विकास गरी मन्त्रालय वा सामाजिक विकास कार्यालयले राखु पर्नेछ।

९. <u>**तालिममा सहभागी छनोट र सङ्ख्या:**</u> (१) तालिमको हकमा प्रति समुह २० देखी ३० जना विपन्न दलितहरूको लागि दफा ४ को खण्ड (क), (ग) र (घ) मा उल्लिखित विषय क्षेत्रमा तालिम सञ्चालन गर्नु पर्नेछ।

(२) तालिम/कार्यक्रम सञ्चालन गर्दा सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार वा मातहतका निकायबाट कार्यान्वयन भएका उस्तै प्रकृतिका तालिम/कार्यक्रमहरूमा सहभागिता जनाई सकेका प्रशिक्षार्थीहरूलाई दोहोरो नपर्ने गरी समावेश गर्नु पर्नेछ।

१०. **<u>कार्यक्रम सञ्चालन प्रकिया:</u>** विपन्न दलित सशक्तीकरण कार्यक्रम मन्त्रालय र स्थानीय तहको सहकार्यमा सञ्चालन गर्न सकिनेछ।

## परिच्छेद-४

## संरचनात्मक व्यवस्था

११. **<u>निर्देशक समिति:</u>** (१) विपन्न दलित सशक्तीकरण कार्यक्रमका लागि आवश्यक नीति, योजना निर्माण एवम् मार्गदर्शन गर्न गर्न देहायबमोजिमको निर्देशक समिति रहनेछः-

(क) मन्त्री, सामाजिक विकास मन्त्रालय -अध्यक्ष

(ख) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(ग) मन्त्रालयले मनोनय गरेको स्थानीय तहको प्रमुख/अध्यक्ष मध्येबाट एक जना -सदस्य

(घ) महाशाखा प्रमुख, योजना हेर्ने मन्त्रालय -सदस्य

(ङ) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(च) दलितको क्षेत्रमा अनुभवी समितिले मननोनय गरेको व्यक्ति एक जना -सदस्य

(छ) महाशाखा प्रमुख, गरिबी निवारण हेर्ने -सदस्य-सचिव

(२) यस समितिको बैठकमा कार्यक्रम सञ्चालन हुने स्थानीय तहका प्रमुख/अध्यक्ष वा उपप्रमुख/उपाध्यक्षलाई आमन्त्रण गर्न सक्नेछ।

१२. **<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) नीति तथा योजना तर्जुमा गर्ने,

(ख) तालिमको कोटा निर्धारण गर्ने,

(ग) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रमको मोडालिटी तय गर्ने,

(घ) तालिम सञ्चालनका लागि व्यावसायिक तथा सीप विकास केन्द्र र प्राविधिक तथा व्यवसायिक शिक्षा परिषद् मातहतका शिक्षालय र सामाजिक विकास कार्यालयहरूलाई कार्यक्रम सञ्चालन गर्ने निकायहरूलाई निर्देशन गर्ने,

(ङ) समूहगतरूपमा तालिमको माग भै आएको अवस्थामा तालिम प्याकेज विकास र सञ्चालानका लागि प्रक्रिया निर्धारण गर्ने,

(च) कार्यक्रम कार्यान्वयनको क्रममा कुनै अष्पष्टता वा बाधा अवरोध आएमा सो सम्बन्धमा स्पष्टता गर्ने वा निर्देशन दिने, र

(छ) अनुगमन तथा मूल्याङ्कन गर्ने।

१३. **<u>कार्यक्रम कार्यान्वयन समितिः</u>** (१) विपन्न दलित सशक्तीकरण कार्यक्रम कार्यान्वयन गर्न देहायबमोजिमको समिति रहनेछः-

(क) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

(ख) जिल्लामा रहेको मन्त्रालय अन्तर्गतको कार्यालयको प्रमुख वा प्रतिनिधि (सामाजिक विकास, कृषि, वा वन) -सदस्य

(ग) कार्यक्रममा कम्तीमा दश प्रतिशत लागत साझेदारी गरी सहकार्य गर्ने गैर सरकारी संस्थाको प्रतिनिधि -सदस्य

तर, लागत साझेदारी नगरेका स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमको हकमा खण्ड (क) बमोजिमको अध्यक्ष सम्बन्धित जिल्ला हेर्ने सामाजिक विकास कार्यालयको प्रमुख रहने र खण्ड (ख) बमोजिमको सदस्य सम्बन्धित स्थानीय तहको प्रतिनिधि रहनेछ।

१४. **कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र जिम्मेवारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) निर्देशक समितिको निर्देशनबमोजिम कार्य गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनमा कम्तीमा दश प्रतिशत लागत साझेदारी गर्ने स्थानीय तहसँग साझेदारी गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनमा कम्तीमा दश प्रतिशत लागत साझेदारी गर्ने गैरसरकारी संस्थाहरूसँग सहकार्य गर्ने,

(घ) मन्त्रालय मातहतका कार्यालयहरूलाई निर्देशन दिने, र

(ङ) कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्थापकीय कार्यहरू गर्ने।

## परिच्छेद-५

## कार्यक्रम कार्यान्यवनका लागि विभिन्न निकायहरूको भूमिका

**१५. मन्त्रालयको भूमिकाः** कार्यक्रम कार्यान्वयनका लागि सामाजिक विकास मन्त्रालयको भूमिका देहायबमोजिम हुनेछः-

(क) आवश्यक नीति र कार्यविधि तर्जुमा गर्ने,

(ख) प्रदेशभित्रका दलितहरूको तथ्याङ्क अध्यावधिक एवम् विवरण तयार गर्ने,

(ग) कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गर्ने,

(घ) कार्यक्रमको प्रभावकारिताका लागि नेपाल सरकार, प्रदेश सरकार र सम्बन्धित स्थानीय सरकारसँग आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ङ) दलितहरूको पराम्परागत पेशा संरक्षण, विकास र प्रवर्द्धनका लागि संग्रहालयका लागि स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने,

(च) कार्यविधिको दफा ४ को खण्ड (क), (च) र (छ) बमोजिमका कार्यक्रमहरू मन्त्रालय वा मातहतको निकायबाट सञ्चालन गर्ने व्यवस्था गर्ने,

(छ) कार्यक्रमको नतिजामुखी अनुगमन, मूल्याङ्कन र प्रभावकारिता अध्ययनसम्बन्धी कार्य गर्ने, गराउने,

(ज) कार्यक्रमको प्रभावकारिता अभिवृद्धिका लागि आवश्यक कार्य गर्ने,

(झ) निर्देशक समितिको निर्णय कार्यान्वयन गर्ने, र

(ञ) मन्त्रालयले मातहतका कार्यालयहरूलाई कार्यक्रम सञ्चालनका लागि स्थानीयतहसँग समन्वय र सहकार्य गर्न निर्देशन दिन सक्नेछ।

१६. **<u>स्थानीय तहको भूमिकाः</u>** कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहको भूमिका देहायबमोजिम हुनेछः-

(क) स्थानीय तहभित्र बसोबास गर्ने दलितहरूको तथ्याङ्क अद्यावधिक एवम् अभिलेखीकरण गर्ने,

(ख) कार्यक्रमको कार्यान्वयनको लागि मापदण्डअनुसार वडागत रूपमा सहभागी छनोट गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनको लागि जिम्मेवार शाखा र जनशक्ति तोकी जिम्मेवारी प्रदान गर्ने,

(घ) विपन्न दलितहरूको सशक्तीकरणका लागि न्यूनतम १० प्रतिशत लगानी सुनिश्चत गर्ने,

(ङ) प्रस्ताव एवम् सम्झौताबमोजिम कार्यक्रम सञ्चालन गर्ने,

(च) सम्बन्धित पालिकामा उपयुक्त र सान्दर्भिकता भएका व्यवासाय र पेशाहरूको पहिचान गरी सिफारिस गर्ने,

(छ) स्थानीय उद्योग वाणिज्य महासङ्घलगायत व्यवसायिक सङ्घ संस्थाहरूसँग बजार व्यवस्थापनका विषयमा आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ज) तालिम प्राप्त व्यक्तिहरू स्वरोजगार भए, आय आर्जनमा संलग्न भएको तथा परम्परागत सीप ज्ञान र पेशामा आएको स्तरवृद्धिको तथ्याङ्क राख्ने,

(झ) विशेष तालिमका लागि मन्त्रालयलाई सिफारिस गर्ने र त्यस्ता तालिमको प्रभावकारीता अध्ययन गरी मन्त्रालयमा प्रतिवेदन पठाउने, र

(ञ) कार्यक्रम कार्यान्वयनको अनुगमन गरी मूल्याङ्कन गर्ने र सोको प्रतिवेदन गर्ने।

## परिच्छेद-६

## कार्यक्रम अनुगमनसम्बन्धी व्यवस्था

१७. **अनुगमन तथा मूल्याङ्कनः** (१) विपन्न दलित सशक्तीकरण कार्यक्रमको सम्बन्धमा समन्वय, नियमित अनुगमन, सुपरीवेक्षण तथा पृष्ठपोषणको लागि तपशिलबमोजिमको एक अनुगमन समिति गठन गर्नु पर्नेछः-

(क) उपप्रमुख/उपाध्यक्ष स्थानीय तह -संयोजक

(ख) मन्त्रालय अन्तर्गतको सम्बन्धित जिल्ला हेर्न सामाजिक विकास कार्यालयको

कार्यालय प्रमुख -सदस्य

(ग) अधिकृत, गरिबी निवारण हेर्ने स्थानीय तह -सदस्य-सचिव

(२) सम्बन्धितक्षेत्रको प्रदेश सभाको सदस्यले कार्यक्रमको कार्यान्वयनको क्रममा अनुगमन गरी आवश्यकताअनुसार सुझाव दिन सक्नेछन्।

(३) अनुगमन तथा मुल्याङ्कन समितिले कार्यक्रमको अनुगमन गरी सुझावहरू कार्यान्वयन गर्न निर्देशन दिनेछ। सो प्रतिवेदन मन्त्रालयमासमेत उपलब्ध गराउनु पर्नेछ र मन्त्रालयले प्रत्येक वर्ष कार्यक्रमको प्रगति विवरण समावेश गरी प्रतिवेदन तयार गर्न सक्नेछ।

(४) कार्यक्रम सञ्चालन गर्ने सम्बन्धित निकायले अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ र कुनै संस्थामार्फत कार्यक्रम वा तालिम सञ्चालन भएमा सम्बन्धित निकायले अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि भुक्तानी दिनेछ।

## परिच्छेद-७

## विविध

१८. **कार्यक्रम सञ्चालनसम्बन्धी व्यवस्थाः** (१) कार्यक्रम सञ्चालनका लागि खर्चका आधारहरू प्रदेश सरकारको स्वीकृत मापदण्डबमोजिम हुनेछ।

(२) यो कार्यक्रम आगामी पाँच वर्षसम्म मन्त्रालयले सञ्चालन गर्ने गरी आगामी आर्थिक वर्षहरूको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्रस्ताव गर्नेछ।

१९. **<u>प्रचलित कानूनबमोजिम हुने:</u>** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रमसँग सम्बन्धित विभिन्न कार्यहरू गर्दा तथा रकम भुक्तानी एवम् फरफारक तथा लेखा परीक्षण गर्दा सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून पालना गर्नुपर्नेछ।

(२) यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानूनबमोजिम हुनेछ।

२०. **<u>आवश्यक व्यवस्था मिलाउने:</u>** यो कार्यविधिको कार्यान्वयनमा बाधा अड्काउ परेमा कार्यक्रमको उद्देश्य विपरीत नहुने गरी मन्त्रालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

**आज्ञाले,**
**डा. भीष्मकुमार भूसाल**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. १०।-